१२४९१-८२४

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ११८/२०७०/०७१
निर्णय नं. ८५४

जिल्ला दार्चुला व्यास गा.वि.स. वडा नं. ४ वस्ने हेमेन्द्र सिंह बोहरा ..........................१ निवेदक

विरूद्ध

महानिर्देशक, उद्योग विभाग, त्रिपुरेश्वर ..........................................................१ विपक्षी

विषय :- सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्ने ।

जिल्ला दार्चुला व्यास गा.वि.स. वडा नं. ४ वस्ने हेमेन्द्रसिंह बोहराले उद्योग विभाग, त्रिपुरेश्वर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।०७।०४ मा पुनरावेदन गरेको । यस सम्बन्धमा आयोगको मिति २०७१।०३।०५ को आदेश बमोजिम उद्योग विभाग, त्रिपुरेश्वरलाई मिति २०७२।०३।२५, च.नं. १५६९ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त उद्योग विभाग, त्रिपुरेश्वरको मिति २०७२।०५।११, च.नं.३० को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराउने निर्णय भएको व्यहोरा यस आयोगलाई समेत जानकारी गराइएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्ने । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम् ।